# विश्वविद्यालय अनुदान आयोगको सदस्य सिफारिस सम्बन्धी कार्यविधि

# २०८१

**नेपाल सरकार**

**विश्वविद्यालय अनुदान आयोग**

सानोठिमी, भक्तपुर

नेपाल

# विश्वविद्यालय अनुदान आयोगको सदस्य सिफारिससम्बन्धी कार्यविधि, २०८१

स्वीकृत मिति: २०८१।२।१

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ५ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिम रिक्त रहेको सदस्य पदका लागि नेपाल सरकार समक्ष सिफारिस गरी आयोगको सदस्य मनोनयन सम्बन्धी काम कारवाहीलाई व्यवस्थित तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ५ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमको कार्यसम्पादनको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "विश्वविद्यालय अनुदान आयोगको सदस्य सिफारिस सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२.परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनु पर्छ।

(ख) "उम्मेदवार" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) र खण्ड (छ) बमोजिम आयोगको सदस्य हुन योग्यता पुगेको व्यक्ति सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनु पर्छ।

(घ) "विश्वविद्यालय" भन्नाले प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्छ।

(ङ) "व्यवस्थापकीय पद" भन्नाले विश्वविद्यालयको पदाधिकारी वा उच्च शैक्षिक संस्थाको प्रमुख वा उच्च शैक्षिक संस्था अन्तर्गतको विभागीय प्रमुख भई कार्य गरेको पद सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिम आयोगको सदस्य सम्झनु पर्छ।

३. विज्ञसम्बन्धी व्यवस्था: (१) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) र खण्ड (छ) बमोजिम आयोगको सदस्य पदमा नियुक्तिको लागि नाम सिफारिस गर्न मन्त्रालयले दुई जना विज्ञलाई सदस्य तोक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ सदस्य देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछ:

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा विद्यावारिधि उपाधि प्राप्त गरेको,

(ख) प्रचलित कानुन बमोजिम स्थापित कुनै विश्वविद्यालयको प्राध्यापक पदमा नियुक्त भई सो पदको अनुभव हासिल गरेको,

(ग) कम्तिमा सात वर्ष उच्च शैक्षिक संस्थामा प्राध्यापन गरी अनुभव हासिल गरेको,

(घ) कम्तिमा दुई वर्ष उच्च शैक्षिक संस्थामा व्यवस्थापकीय जिम्मेवारीमा रहेको,

(ङ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नभएको,

(च) आफू सार्वजनिक पदमा रहदा कुनै विभागीय कारवाहीमा परी सजाय नपाएको,

(छ) Plagiarism सम्वन्धमा दोषी प्रमाणित नभएको,

(ज)आयोगसँग कुनै स्वार्थ नबाझिएको,

(झ) नेपाली नागरिक भएको,

(ञ) पैतीस वर्ष उमेर पूरा भएको,

(ट) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको।

४. <u>बैठकसम्बन्धी कार्यविधिः</u>(१) विज्ञ सदस्यको बैठकको अध्यक्षता पदगत आधारमा ज्येष्ठ विज्ञ सदस्यले गर्नेछ।

(२) ज्येष्ठ विज्ञ सदस्यले तोकेको मिति, समय र स्थानमा विज्ञको बैठक बस्नेछ।

(३) विज्ञ सदस्यको बैठकमा प्रत्येक विज्ञ सदस्यले आफ्नो धारणा स्वतन्त्र रुपमा राख्न सक्नेछ।

५. <u>आवश्यक न्यूनतम योग्यताः</u> ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) बमोजिम आयोगको सदस्यमा मनोनीत हुनको लागि उम्मेदवारको न्यूनतम योग्यता देहायबमोजिम हुनेछः-

(क) प्रचलित कानून बमोजिम स्थापित कुनै विश्वविद्यालयको प्राध्यापकको पदमा नियुक्त पाई कम्तिमा तीन वर्षको अनुभव हासिल गरेको,

(ख) कम्तीमा विद्यावारिधि उपाधि हासिल गरेको,

(ग) उच्च शिक्षाको क्षेत्रमा विशेष योगदान पुर्याराएको विद्वान तथा वरिष्ठतम प्राध्यापक भएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको,

(ङ) Plagiarism सम्बन्धमा दोषी प्रमाणित नभएको,

(च) निजी उच्च शैक्षिक संस्थामा लगानी नगरेको,

(छ) आफू सार्वजनिक पदमा रहदा कुनै विभागीय कारवाहीमा परी सजाय नपाएको,

(ज) नेपाली नागरिक भएको,

(झ) पैतीस वर्ष उमेर पूरा भएको,

(ञ) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको।

६. <u>आवश्यक न्यूनतम योग्यताः</u> ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिम आयोगको सदस्यमा मनोनीत हुनको लागि उम्मेदवारको न्यूनतम योग्यता देहायबमोजिम हुनेछः-

(क) उच्च शिक्षाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याएको व्यक्ति,

(ख) कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको,

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं, नेपाल

(घ) Plagiarism सम्बन्धमा दोषी प्रमाणित नभएको,

(च) निजी उच्च शैक्षिक संस्थामा लगानी नगरेको,

(छ) आफू सार्वजनिक पदमा रहदा कुनै विभागीय कारवाहीमा परी सजाय नपाएको,

(ज) नेपाली नागरिक भएको,

(झ) पैतीस वर्ष उमेर पूरा भएको,

(ञ) तत्काल कुनै राजनीतिक दलको सदस्य नभएको।

स्पष्टिकरण: यस दफाको खण्ड (क) को प्रयोजनको लागि "उच्च शिक्षाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याएको" भन्नाले प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालयको स्थापना वा सञ्चालन वा व्यवस्थापनमा योगदान पुर्याएको वा उच्च शिक्षाको क्षेत्रमा अनुसन्धान, अध्यापन वा व्यवस्थापकीय पदमा रही कार्य गरेको वा उच्च शिक्षाको क्षेत्रमा राष्ट्रिय अन्तराष्ट्रियस्तरको अनुसन्धानमा नेतृत्वदायी भूमिका निर्वाह गरेको वा उच्च शिक्षाको क्षेत्रमा नीतिगत तहमा रही कार्य गरी अनुभव हासिल गरेको वा शैक्षिक संस्थाको नेतृत्व गरी सफलता हासिल गरेको वा उच्च शिक्षाको क्षेत्रमा नमूना किसिमका उदाहरणीय कार्य गरेको वा औद्योगिक वा शैक्षिक प्रविधि क्षेत्र वा स्टार्टअप क्षेत्रको संस्थापक वा प्रवर्तक भई उच्च शिक्षामा उन्नयन हासिल गर्न उल्लेखनीय योगदान गरेको व्यक्ति सम्झनु पर्छ।

७. उम्मेदवार खोजी तथा पहिचान गर्ने: (१) विज्ञ सदस्यहरुले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमको सदस्य पदमा मनोनयनको लागि योग्य तथा इच्छुक व्यक्तिको खोजी तथा पहिचान गरी प्रत्येक समूहको लागि छुट्टा छुट्टै रुपमा पहिलो बैठक बसेको मितिले पन्ध्र दिनभित्र मन्त्रालयमा नाम सिफारिस गर्नेछन्।

(२) विज्ञ सदस्यहरुले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिम आयोगको सदस्य पदमा मनोनयनको लागि इच्छुक योग्य व्यक्ति खोजी तथा पहिचान गर्ने क्रममा आवश्यक ठानेमा सात दिनको समय दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछन्। यस्तो सूचना मन्त्रालयको वेवसाइट तथा आयोगको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञ सदस्यले सूचना बमोजिम दरखास्त पेश नगरेका व्यक्तिलाई समेत योग्यताको आधारमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्न बाधा पुग्ने छैन।

८. कागजातसम्बन्धी व्यवस्था: विज्ञ सदस्यहरुले देहाय बमोजिमको विवरण उम्मेदवारसँग माग गरी योग्यता तथा उपयुक्तताको यकिन गर्नु पर्नेछ:

(क) शैक्षिक उपाधिको प्रमाण पत्रको प्रतिलिपि,

(ख) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको लागि विश्वविद्यालयको प्राध्यापक पदको नियुक्ति पत्रको प्रतिलिपि,

(ग) ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको लागि उच्च शिक्षामा योगदान पुर्याएको प्रमाणको प्रतिलिपि,

(घ) निजी उच्च शैक्षिक संस्थामा लगानी नगरेको ब्यहोरा खुलेको स्वघोषणा पत्र,

(ङ) आफू सार्वजनिक पदमा रहदा कुनै विभागीय कारवाहीमा परी सजाय नपाएको ब्यहोरा खुलेको स्वघोषणा पत्र,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(च) प्रचलित कानुन बमोजिम सार्वजनिक पदमा मनोनयनको लागि अयोग्य नभएको, Plagiarism सम्बन्धमा दोषी प्रमाणित नभएको र कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्र,

(छ) नेपाली नागरिकताको प्रतिलिपि।

९. <u>छनोट विधिः</u> (१) विज्ञ सदस्यहरुले दफा ८ बमोजिमका कागजात तथा योग्यताको साथै प्राज्ञिक अनुसन्धान, अन्तराष्ट्रिय इन्डेक्स जर्नलमा प्रकाशन तथा अन्तराष्ट्रिय गोष्ठिहरुमा अनुसन्धान पत्र प्रस्तुत गरेको, उपयुक्तता, आयोगसम्बन्धी ज्ञान र दृष्टिकोण, आयोगको निष्पक्षता, तटस्थता, गुणस्तर र प्रभावकारिता अभिवृद्धिसम्बन्धी सोंच, अभिव्यक्ति शैली र विषयगत ज्ञान, उच्च शिक्षामा विशेष योगदान पुर्याएका व्यक्ति र उच्च नैतिक चरित्र जस्ता पक्षको मूल्याङ्कन गरी सोको आधारमा ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको लागि तीन जना र ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको लागि तीन जनाको नाम मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव गर्दा समावेशी सिद्धान्तसमेतलाई ध्यान दिई योग्यता पुगेका व्यक्तिमध्येबाट उच्च शिक्षाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याएको व्यक्तिहरुको नाम पेश गर्नु पर्नेछ।

१०. <u>मूल्याङ्कन प्रक्रियामा समावेश हुन नहुनेः</u> (१) विज्ञ सदस्यका नजिकका नातेदार वा स्वार्थ बाझिएको कुनै व्यक्ति सदस्य पदको पहिचानको क्रममा नाम आएको खण्डमा त्यस्तो सदस्यको मूल्याङ्कन प्रक्रियामा सहभागी हुनु हुदैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी आएमा मन्त्रालयबाट आवश्यक व्यवस्था भए बमोजिम हुनेछ।

११. <u>छलफल तथा अन्तरक्रिया गर्न सकिनेः</u> (१) दफा ९ बमोजिम पेश भई आएका व्यक्तिसँग मन्त्रालयले छलफल तथा अन्तरक्रिया गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम छलफल तथा अन्तरक्रिया गर्दा आयोगसम्बन्धी ज्ञान र दृष्टिकोण, आयोगको निष्पक्षता, तटस्थता, गुणस्तर, प्रभावकारिता अभिवृद्धिसम्वन्धी सोंच, अभिव्यक्ति शैली तथा विषयगत ज्ञान र उम्मेदवारको उपयुक्तता विषयमा छलफल हुन सक्नेछ।

(३) दफा ९ बमोजिम पेश भई आएका नाममा यस दफा बमोजिम छलफल तथा अन्तरक्रिया भएमा सोसमेतका आधारमा उम्मेदवारको चयन गरिनेछ।

(४) उपदफा (३) बमोजिम चयन गर्दा उच्च शिक्षाको विभिन्न क्षेत्रमा विशेष योगदान पुर्याएको र नेपालको संविधानमा व्यवस्था भए बमोजिम समावेशी सिद्धान्त अनुकूल हुने गरी चयन गर्नु पर्नेछ।

१२. <u>नाम सिफारिस गर्नेः</u> मन्त्रालयले यस कार्यविधिको दफा ९ बमोजिम पेश भएका व्यक्तिमध्येबाट दफा ११ बमोजिम चयन भएका व्यक्तिले उच्च शिक्षाका क्षेत्रमा पुर्याएको योगदान तथा निजको उच्च नैतिक चरित्र र स्वच्छ छविका सम्वन्धमा सम्बन्धित निकायमा आवश्यकता अनुसार बुझी ऐनको दफा ५ को उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको लागि एक जना र ऐनको दफा ५ को उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको लागि एक जना सदस्यमा मनोनीत गर्न नेपाल सरकार समक्ष सिफारिस सहित प्रस्ताव गर्नेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

१३.सहयोग तथा खर्चसम्बन्धी व्यवस्था: (१) आयोगको सदस्य मनोनयनको लागि छनोट सम्बन्धी प्रक्रियामा मन्त्रालय तथा आयोगका पदाधिकारीं तथा कर्मचारीको सहयोग लिन सकिनेछ।

(२) सदस्य मनोनयनसम्बन्धमा भएको बैठक, सूचना प्रकाशन, सचिवालय व्यवस्थापन र यस सम्बन्धमा हुने आवश्यक खर्च आयोगबाट नियमानुसार भुक्तानी हुनेछ।

१४.कागजपत्रको संरक्षण: सदस्यको सिफारिसको कार्य सम्पन्न भएपछि यस सम्बन्धी सम्पूर्ण कागजात, प्रमाण तथा निर्णयहरू मन्त्रालयमा सुरक्षित राखिनेछ।

१५. सचिवालय सदस्यको सिफारिस सम्बन्धी सचिवालय मन्त्रालयको उच्च शिक्षा शाखामा रहनेछ।

१६. बाधा अडकाउ फुकाउन सक्ने: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आई परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल